का.स.शा. (प्र.क.)
द.नं. ५६
२०६३।३।३२

श्री महासचिव,
संसद सचिवालय ।

प्रतिनिधि सभा नियमावली २०६३ को नियम ९१ को उप-नियम (१) बमोजिम देहाय बमोजिमको संकल्प पेश गर्ने अनुमतिका लागि सूचना दिएको छु ।

## संकल्प

अन्तराष्ट्रिय फौजदारी अदालत रोम विधान अनुरुप अन्तराष्ट्रिय समुदायद्वारा सिंजना गरिएको स्थायी, स्वतन्त्र, न्यायिक अंग हो । जसले अन्तराष्ट्रिय कानून अन्तरगत मानवता विरुद्धका सबै प्रकारका अपराधमा न्यायिक कारवाही गर्नेछ यस अदालतलाई विश्वमा ६५ भन्दा बढी राष्ट्रहरुले अनुमोदन समेत गरिसकेको छ । नेपाल सबै प्रकारका मानवता विरुद्धको अपराधको विरुद्धमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै आएको छ । सामाजिक न्याय शान्ति र मानव अधिकारको सम्मान गर्दै आएको छ । नेपाली जनता कुनैपनि प्रकारको अपराधको दण्डहिनताको अन्त्य गर्न चाहन्छ । त्यसैले अपराधी र दोषीले कहिँ कतैपनि उन्मुक्ति पाउन नसकोस् भनि न्याय प्राप्तीको प्रकृयामा अन्तराष्ट्रिय पहुँच समेत प्राप्त गर्नको लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई ग्रनुपर्छ भन्ने संकल्प गर्दै यो बैठक सो विधान अनुमोदनका लागि नेपाल सरकारलाई निर्देश गर्दछ ।

समर्थक

भवदीय, प्रस्तावक

हस्ताक्षर :-

नाम, थर :- परशुराम मेघी गुरुङ

क्रम संख्या :- ६८

मिति :-

दर्ता भएको मिति

# प्रतिनिधि सभा
## बैठक
## बैठक संख्या - ४१
## सूचनापत्र-२
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०६३ साल साउन ९ गते मंगलवार

आजको बैठक प्रतिनिधि सभाका मा० सभामुख श्री सुभाष नेम्वाङ्को अध्यक्षतामा दिनको ११:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के.पी. शर्मा ओलीले लेवनानमा रहेका कुनैपनि नेपालीहरु हालसम्म हताहत र घाइते नभइ सुरक्षित रहेको सम्बन्धी सार्वजनिक महत्वको विषयमा जानकारी दिनुभयो ।

तत्पश्चात संकल्प प्रस्तावका प्रस्तावक मा० श्री परशुराम मेघी गुरुङ्ले "अन्तराष्ट्रिय फौजदारी अदालत रोम विधान अनुरुप अन्तराष्ट्रिय समुदायद्वारा सिर्जना गरिएको स्थायी, स्वतन्त्र, न्यायिक अंग हो । जसले अन्तराष्ट्रिय कानून अन्तरगत मानवता विरुद्धका सबै प्रकारका अपराधमा न्यायिक कारवाही गर्नेछ यस अदालतलाई विश्वमा ६५ भन्दा बढी राष्ट्रहरुले अनुमोदन समेत गरिसकेको छ । नेपालले सबै प्रकारका मानवता विरुद्धको अपराधको विरुद्धमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै आएको छ । सामाजिक न्याय, शान्ति र मानव अधिकारको सम्मान गर्दै आएको छ । नेपाली जनता कुनैपनि प्रकारको अपराधको दण्डहिनताको अन्त्य गर्न चाहन्छ । त्यसैले अपराधी र दोषीले कहिं कतैपनि उन्मुक्ति पाउन नसकोस् भनि न्याय प्राप्तीको प्रक्रियामा अन्तराष्ट्रिय पहुँच समेत प्राप्त गर्नको लागि अन्तराष्ट्रिय फौजदारी अदालत रोम विधानलाई नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने संकल्प गर्दै यो बैठक सो विधान अनुमोदनका लागि नेपाल सरकारलाई निर्देश गर्दछ" भन्ने विषयको संकल्पको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :

१. मा० श्री टेकबहादुर चोखाल
२. मा० श्री हरिभक्त अधिकारी
३. मा० श्री महेन्द्रबहादुर पाण्डे
४. मा० श्री होमनाथ दाहाल
५. मा० श्री हरि आचार्य
६. मा० श्री जगन्नाथ खतिवडा
७. मा० श्री सोमप्रसाद पाण्डेय
८. मा० श्री प्रकाश ज्वाला

त्यसपछि मा० उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के.पी. शर्मा ओलीले उक्त प्रस्तावको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० सभामुखले उक्त संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त विनियोजन विधेयक, २०६३ को विभिन्न शीर्षकहरुमाथि प्रारम्भ भएको छलफल अन्तर्गत सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि छलफल प्रारम्भ भयो । उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :

| | | | |
|---|---|---|---|
| १. | मा० श्री राजेन्द्रप्रकाश लोहनी | २. | मा० श्री पूर्णबहादुर खड्का |
| ३. | मा० श्री परी थापा | ४. | मा० श्री गोरखबहादुर बोगटी |
| ५. | मा० श्री गोविन्दविक्रम शाह | ६. | मा० श्री रामकुमार चौधरी |
| ७. | मा० श्री विजय सुब्बा | ८. | मा० श्री पशुपति शमशेर ज.ब.रा. |
| ९. | मा० श्री हृदयराम थानी | १०. | मा० श्री शिवबहादुर देउजा |
| ११. | मा० श्री कमला पन्त (आचार्य) | १२. | मा० श्री सोहनप्रसाद चौधरी |
| १३. | मा० श्री आनन्दप्रसाद पोखरेल | १४. | मा० श्री तारासम यङ्या |
| १५. | मा० श्री तीर्था गौतम | १६. | मा० श्री दुर्गा लिंखा |
| १७. | मा० श्री यादवबहादुर रायमाझी | | |

तदुपरान्त मा० सभामुखले विनियोजन विधेयक, २०६३ को सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल सामाप्त भएको जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०६३ साल साउन १० गते बुधबार दिनको ११:०० बजेसम्मको लागि स्थगित भयो ।

सूर्य किरण गुरुङ्
महासचिव